## परिचयः

मानिसको शरीरमा अनेकौ रोगहरू लाग्न सक्छ । त्यस मध्ये अबुर्द रोग (Cancer) एक खतरनाक र प्राणघातक रोग हो । क्यान्सर चाँडो रुपमा बढने असामान्य कोशिकाहरुले गर्दा हुन्छ । हाम्रो शरिरले पुरानो कोशिकाहरुको स्थानमा नयाँ कोशिकाहरु राख्नु स्वाभाविक प्रकृया हो, तर क्यान्सर कोशिकाहरु अति तीव्र गतिमा बढछन् । यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने सरुवा रोग होईन । तर शरीरको एक अंगबाट अरू जुनसुकै अंगहरूमा फैलिन सक्छ । पाठेघरको मुखको क्यान्सर सबै उमेर समुहमा लाग्न सक्छ तर विषेश गरि यो रोग ३५ देखि ४४ वर्ष उमेर समुहमा बढि देखिएको छ ।

हाल सालै प्रकाशित एक प्रतिवेदन अनुसार नेपालमा पाँच प्रमुख क्यान्सरहरुमा फोक्सो, पाठेघरको मुख, स्तन, आमाशय र घाटीको क्यान्सर पर्दछन् । अहिलेको अवस्थामा नेपालमा कुनै पनि क्यान्सरको वास्तविक तथ्याङ्क दिन गाह्रो भएपनि विभिन्न केन्द्रिय स्तरका अस्पतालहरुको तथ्याङ्कलाई हेर्दा पुरुषहरुमा सबै भन्दा बढी फोक्सोको क्यान्सर र महिलाहरुमा पाठेघरको मुखको क्यान्सर पाइएको छ । हाम्रो देशको प्रमुख अस्पतालहरुको तथ्याङ्क हेर्दा महिलाहरुमा लाग्ने क्यान्सर रोग मध्ये पाठेघरको मुखको क्यान्सर अग्रस्थानमा रहेको पाईएको छ भने स्तन क्यान्सर दोश्रो स्थानमा रहेको छ । तसर्थ यौन सम्पर्कमा रहेका महिलाहरुले पाठेघरको जाँच गराउन अनिवार्य हुन्छ । शुरूमै होस पुर्याउन सकेमा क्यान्सर हुने अवस्थामा पुग्नबाट रोक्न सक्ने मात्र होईन कि, सामान्य उपचारबाट पनि रोग निको पार्न सकिन्छ ।

## पाठेघरको मुखको क्यान्सर के हो ?

पाठेघर (गर्भाशय) को मुखको कोष कोषिकाहरुमा असामान्य कोषिकाहरु वृद्धि भएर बन्ने गिर्खा वा निको नहुने घाउलाई क्यान्सर भनिन्छ । यो रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने सरुवा रोग होइन । शरीरको एक अङ्गबाट अरु जुनसुकै अङ्गहरुमा फैलिन सक्छ । महिलाहरुको अन्य बाहिरी अङ्गहरुमा जस्तै पाठेघरको मुखको क्यान्सर पनि Pre–invasive phase (Cervical Intraepithelial Neoplasia–CIN) अथवा एकदमै शुरुको अवस्थामा पहिचान गर्न सकिन्छ । पाठेघरको मुखको क्यान्सर शुरुको अवस्थामा CIN पत्ता लगाउनसके निको पार्न सकिन्छ । यसका लागि महिलाहरुले पाठेघरको जाँच (Cervical Cancer Screening) गराउनुपर्ने हुन्छ ।

## सम्भावित लक्षणहरूः

❖ अनियमित महिनावारी हुने र भए पछि धेरै दिन सम्म रगत बगिरहने ।
❖ गुप्ताङ्गबाट असामान्य तथा गन्हाउने तरल पदार्थ बग्ने ।
❖ यौन सम्पर्क पछी रगत देखा पर्ने ।
❖ उमेर पुगी महिनावारी बन्द भईसकेका महिलाहरुको योनिबाट रगत आइरहने ।
❖ तल्लो पेट दुख्ने र ढाड कम्मर धेरै दुख्ने
❖ लगभग २०% महिलाहरुमा केहि लक्षणहरु नदेखिन पनि सक्छ ।

## सम्भावित कारणहरूः

❖ गर्भाशयमा विशाणु (Human Papilloma Virus) ले संक्रमण गर्नाले ।
❖ सानै उमेरमा यौन सम्पर्क राख्नाले ।
❖ सानै उमेरमा धेरै बच्चा जन्माउनाले ।
❖ यौन रोग तथा गुप्ताङ्ग सम्बन्धि दिर्घरोगहरूको उचित उपचार नगर्नाले ।
❖ धुम्रपानको सेवन गर्नाले ।
❖ प्रतिरोधात्मक शक्ति कम हुनेलाई ।
❖ धेरैजनासगँ यौन सम्पर्क गर्ने अथवा असुरक्षित यौन सम्पर्क गर्नाले ।
❖ लामो समयसम्म गर्भ निरोधक खाने चक्कि (पिल्स) खानेलाई ।

## रोकथामका उपायहरूः

❖ समय समयमा पाठेघरको परिक्षण गर्ने गराउने ।
❖ क्यान्सर कारक तत्वहरुबाट अलग रहने ।
❖ सानै उमेरमा यौन सम्पर्क नराख्ने ।
❖ जन्मान्तरलाई ध्यानमा राखी कम बच्चा जन्माउने ।
❖ क्यान्सरका लक्षणहरु देखापरेमा नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।
❖ हुमैन पैपिलोमा भाइरस (HPV) विरुद्धको खोप लगाउने ।
❖ क्यान्सर शिक्षामा ध्यान दिने र सोही अनुकुल रहने ।

## निदानका सरल उपायहरूः

### ❖ पाठेघरको मुखको प्रारम्भिक परिक्षण Inspection with acetic acid (VIA)

पाठेघरको मुखमा औषधी प्रयोग गरेर पाठेघरको मुखमा खराबी, क्यान्सर भएको वा नभएको, थाहा पाउने सरल परिक्षण विधिलाई पाठेघरको मुखको प्रारम्भिक परिक्षण भनिन्छ । जस्तै- Visual Inspection with acetic acid (VIA) / Visual Inspection with Lugolus Iodine (VILI)

विश्व स्वास्थ्य संगठनले कम विकसित मुलुकहरुका लागि पाठेघरको मुखको क्यान्सको निदानको लागि VIA उचित विधि हो भनी सिफारिस गरेको छ ।

### ❖ गर्भाशिय श्राव परीक्षण (Pap Smear):

गर्भाशियबाट निस्कने श्रावहरु संकलन गरी प्रयोगशालामा परिक्षण गराई पाठेघरका कोषिकाहरु सामान्य रहेको वा नरहेको थाहा पाउने सरल र छरितो परिक्षण गर्भाशयको श्राव परिक्षण हो ।

### ❖ HPV–DNA Test

पाठेघरको मुखमा HPV–DNA सक्रमण भए नभएको जाँच गर्न सकिन्छ । यो जाँच ३० बर्ष काटिसकेको महिलाहरुमा गर्न सकिन्छ ।

### ❖ Colposcopy मेसिनबाट परिक्षण

प्रारम्भिक परिक्षणमा केहि खराबी देखिएमा Colposcopy मेसिनबाट जाँच गराउन सल्लाह दिइन्छ ।

### ❖Biopsy (बायोप्सी) परीक्षणः

अनुभवी चिकित्सकबाट पाठेघरको मुखमा खराबी भएको भागको सानो टुक्रा मासु निकाली प्रयोगशालामा परिक्षण गरी रोगको अन्तिम निदान गर्ने बिधि बायोप्सी हो ।

### यो परिक्षण कस्ता महिलाहरुले गर्ने ?

❖ ३० देखि ६० बर्ष पुगेका विवाहित महिलाहरुले प्रत्येक ५ बर्षमा यो परिक्षण गराउनु पर्छ ।

### परिक्षण गराउनु अघि ध्यान दिनुपर्ने कुराहरू:

❖ महिनावारी भएको ६, ७ दिन वा रगत देखा परेसम्म परिक्षण गराउनु हुदैन ।

❖ जाँच गर्न कम्तिमा २४ घण्टा अगाडी यौन सम्पर्क गरेको हुनुहुदैन ।

❖ कुनै औषधी वा डुस प्रयोग गरिएको हुनुहुदैन ।


❖ जाँच गर्न आउदा पानी तथा साबुनले योनी भित्र सफा गरीएको हुनुहुदैन ।

❖ गर्भवति अवस्थामा यो परिक्षण गराउनु हुदैन ।

### नियमित पाठेघरको परिक्षणबाट हुने फाईदाहरू:

❖ पाठेघरको मुखमा क्यान्सरका लक्षणहरू देखिनु १० बर्ष अघि नै क्यान्सर हुने सम्भावना छ कि छैन पत्ता लगाउन सकिन्छ अर्थात १० बर्ष अगाडी भविश्यमा हुन सक्ने क्यान्सरको निदान समयमा नै गर्न सकिन्छ ।

❖ पाठेघरमा केहि संक्रमण हुन थालेको छ भने पहिले नै थाहा पाउन सक्छ र साथै सामान्य उपचारबाट नै निको पार्न सकिन्छ ।




### उपचार बिधि:

❖ क्रायोथेरापी (Cryotherapy)/ Cold Coagulation

❖ LEEP (Loop Electrosurgical Excision Procedure)

❖ शल्यक्रिया

❖ केमोथेरापी

❖ रेडियोथेरापी

### पाठेघरको मुखको क्यान्सरपछि:

❍ शल्यक्रिया वा रेडियोथेरापीबाट उपचार गरिन्छ । कहिलेकाहीँ दुईवटै विधिको प्रयोग पनि गर्नुपर्ने हुनसक्छ ।

❍ क्यान्सर फैलिइसकेको अवस्थामा भने केमोथेरापीबाट पनि उपचार गर्नुपर्ने हुन्छ ।

### सारांश:

हाम्रो देश भित्र पाठेघर मुखको क्यान्सरको सम्पूर्ण उपचार विधिहरु उपलब्ध भएकोले डरलाग्दो रोग भएपनि उपचार गरी निको पार्न सकिन्छ । गुप्ताङ्गबाट असामान्य तथा गन्हाउने तरल पदार्थ बगेमा, महिनावारी बन्द भईसकेका महिलाहरुको योनिबाट रगत आइरहेमा, यौन सम्पर्क पछी रगत देखा परेमा, तल्लो पेट र ढाड कम्मर धेरै दुखेमा चिकित्सकको सल्लाह अनुसार उपचार प्रारम्भ गर्नुपर्छ । पाठेघर मुखको क्यान्सरलाई निको पार्न र अन्य अङ्गहरुमा सर्नबाट रोकथाम तथा नियन्त्रण गर्न सकिन्छ । शुरूमै होस पुऱ्याउन सकेमा क्यान्सर हुने अवस्थामा पुग्नबाट रोक्नसक्ने मात्र होईन कि, सामान्य उपचारबाट पनि रोग निको पार्न सकिन्छ ।

**"पाठेघरको मुखको क्यान्सर शुरुको अवस्थामा पहिचान गर्न सके निको पार्न सकिन्छ ।"**

विस्तृत जानकारीको लागि


## आम्दा नेपाल

### स्तन तथा पाठेघरको मुखको क्यान्सर परिक्षण शिविर परियोजना

गोकर्णेश्वर-६, जोरपाटी, काठमाडौं

सम्पर्क टेलिफोन: ०१-४९१०२३५

# पाठेघरको मुखको क्यान्सर (Cervix Cancer)




"पाठेघर (गर्भाशय) को मुखको कोष कोषिकाहरूमा असामान्य कोषिकाहरू बृद्धी भएर बन्ने गिर्खा वा निको नहुने घाउलाई पाठेघर मुखको क्यान्सर भनिन्छ । नियमित स्वास्थ्य परिक्षण, स्वस्थकर खानेकुरा र ब्यायाम साथै हुमैन पैपिलोमा भाइरस (*HPV*) विरूद्धको खोप लगाउनाले जोखिम कम गर्न सकिन्छ । जागरूक बनौं, स्वास्थ्य परिक्षण गराऔं, क्यान्सरबाट बचौं / बचाऔं ।"

AMDA-Nepal · AMDA MINDS · Daiichi-Sankyo · गोकर्णेश्वर नगरपालिका